(दफा [illegible] को उप दफा (२) संग सम्बन्धित )

श्री पारीजात सामुदायिक वन उपभोक्ता समुह बर्दघाट न.पा ४ नवलपरासी (व.सु.प)

काठ/दाउरा वोलपत्र द्धारा लिलाम विक्रीको सुचना

प्रथम पटक सुचना प्रकाशन मिति : २०८२।०८।१४

हाल दोस्रो पटक सुचना प्रकाशन मिति:२०८३।०१।३०

श्री पारीजात सामुदायिक वन उपभोक्ता वन उपभोक्ता समुहको वन बाट कालीगण्डकी कोरिडोर बाट उत्पादित काठ दाउरा यस समुहको घाटगद्धि स्थल बर्दघाट न.पा -४ मा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति ,संघ-सस्था ,फर्म वा कम्पनिले राष्ट्रिय दैनिक पत्रीका बुटवल टुडेमा दोस्रो पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरि १६ औ दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र दिउसो २ बजे भित्र कार्यलयमा आई दाखिला गरिसक्नु पर्ने छ।

तपसिल

१. वन पैदावारको विवरण:लट नं १ र २

| लट न | क्र स | वन पैदावार जात | ग्रेड | गोलिया थान | प्रति क्युफिट दर | परिमाण ( क्यफिट/चट्टा) | न्युन्तम मुल्य रु | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | असना | a | ६ | ४०० | ९१.६८ | ३६६७२ | १२९२६.८८ | |
| | | | b | १२ | ३०० | ३०२.९६ | ९०८८८ | ४२७१७.३६ | |
| | | | c | ५ | १०० | ८८.२३ | ८८२३ | १२४४०.४३ | |
| | | जम्मा | | २३ | | ४८२.८७ | १३६३८३ | ६८०८४.६७ | |
| | २ | कुसुम | | ६७ | १०० | ४७२.३५ | ४७२३५ | ६६६०१.३५ | |
| | | | | ९० | | ९५५.२२ | १८३६१८ | १३४६८६.०२ | |

| लट न | क्र स | वन पैदावार जात | ग्रेड | गोलिया थान | प्रति क्युफिट दर | परिमाण ( क्यफिट/चट्टा) | न्युन्तम मुल्य रु | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | १ | असना | a | ९ | ४०० | १७४.७३ | ६९८९२ | २४६३६.९३ | |
| | | | b | १० | ३०० | ८६.६६ | २५९९८ | १२२१९.०६ | |
| | | | c | १७ | १०० | ७५.११ | ७५११ | १०५९०.५१ | |
| | | जम्मा | | ३६ | | ३३६.५ | १०३४०१ | ४७४४६.५ | |
| | २ | कर्मा | a | २ | ४०० | २१.५८ | ८६३२ | ३०४२.७८ | |
| | | | b | २ | ३०० | ११.९३ | ३५७९ | १६८२.१३ | |
| | | | c | ११ | १०० | ३६.७५ | ३६७५ | ५१८१.७५ | |
| | | जम्मा | | १५ | | ७०.२६ | १५८८६ | ९९०६.६६ | |
| | ३ | जामुन | a | ३ | ४०० | ७४.३२ | २९७२८ | १०४७९.१२ | |
| | | | b | ३ | ३०० | ३३.४५ | १००३५ | ४७१६.४५ | |
| | | | | ६ | | १०७.७७ | ३९७६३ | १५१९५.५७ | |
| | ४ | जिङ्गड | | १८ | १०० | ११८.८६ | ११८८६ | १६७५९.२६ | |
| | ५ | बाँझी | | ८ | १०० | ७५.०१ | ७५०१ | १०५७६.४१ | |
| | ६ | कुसुम | | ४९ | १०० | १२६.२२ | १२६२२ | १७७९७.०२ | |
| | | लट नं २ को जम्मा | | १३२ | | ८३४.६२ | १९१०५९ | ११७६८१.४२ | |

कमानसिंह थापा
अध्यक्ष

२.बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति ,समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३।०२।१३ गते,समय दिउँसोको ५:०० बजे कार्यलय समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८३।०२।१४ गते दिउसो २:०० बजे सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३.बोलपत्र साथ धरौटी वापत कवोल अङ्कमा १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको प्रभु बैंक बर्दघाट शाखा स्थित खाता नं ०४७०१०७५८०४०००१८ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफट वा ६ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्ने छ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिईने छैन ।

४.बोलपत्रको प्रत्येक लटका लागी रु.१०००।-(पछि फिर्ता नहुने गरि )तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलय तथा डिभिजन वन कार्यलय ,नवलपरासी (ब.सु.प) वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरिद गरि दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं उल्लेख गरेको हुनुपर्नेछ ।

६ लिलाम प्रकृयामा भाग लिन ईच्छुक स:मिल । भेनियर । प्लाईउड उधोगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र ,फर्म दर्ता प्रमाण पत्र ,मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र ,उधोग सुचिकृत प्रमाणपत्र ,कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्र साथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियामानुसार नविकरण भएको हुनुपर्ने छ ।

७.लिलाम बढाबढ हुने वन पैदावर कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाँटगद्धी स्थानमा गई हेर्न सकिनेछ ।

८.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका वोल पत्रहरु मिती २०८३।०२।१८ गते दिउसो २:०० बजे साक्षिहरुको रोहबरमा पारिजात सामुदायी वन उपभोक्ता समुह बर्दघाट ४ को कार्यलय मा खोलिने छ । सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर संकलन खर्च छुटै बुझाई लिलाममा चडाईएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परे अक्षर लाई मान्यता दिईने छ ।

११ वोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायीक वन उपभोक्ता समुहमा निहित रहने छ ।

कमानसिंह थापा

अध्यक्ष

पारिजात सामुदायीक वन उपभोक्ता समुह

कमानसिंह थापा
अध्यक्ष

रु.जि.हु.का.द.नं.११/०६२/६३
रु.जि.प्र.का.द.नं.१२४/०६९/०७०
www.butwaltoday.com
बुटवल टुडे

### ढुङ्गाबाट विद्यालय सम्म
# जहाँ सङ्घर्ष, त्यहीं सफलता

**राम अवतार चौधरी**
चन्द्रौटा (बुटवल टुडे), २९ वैशाख।



सुरेन्द्र प्रसाद चौधरी आज शिक्षा क्षेत्रमा परिचित नाम हुन्। कपिलवस्तुको शिवराज नगरपालिका-५, चन्द्रौटाका उनी शैक्षिक जगतका अनुहार मध्ये एक हुन्। अरूभन्दा चौधरीको कथा भने फरक छ। यही क्षेत्रमा करिब १२ बर्षदेखि कम्प्युटर, कोरियन भाषाको इन्स्टिच्युटपनि सञ्चालन उनीसँग अनुभव छ।

सामान्य परिवारमा जन्मिएका उनी सानैदेखि नै सहासी छन्। घरको ६ भाइमध्ये चौधरी कान्छो रहेका छन्। तर, उनको आजको सफलता सहज रूपमा प्राप्त भएको भने होइन। जीवनको कठिन मोडहरू पार गर्दै, अभावसँग संघर्ष गर्दै र निरन्तर मेहनतका साथ अघि बढेका चौधरीको कथा वास्तवमै उत्साहपूर्ण छ। आर्थिक अवस्था कमजोर भएका कारण सुरेन्द्रको बाल्यकाल र युवावस्था सहज थिएन। परिवारको दैनिकी चलाउनकै लागि उनले सानै उमेरदेखि श्रम गर्नुपरेको थियो। पढाइलाई निरन्तरता दिन चाहना हुँदाहुँदै पनि परिस्थितिले उनलाई कामको खोजीमा धकेल्यो। यहि क्रममा उनले अरूको ट्रकमा ढुंगा लोड गर्ने काम सुरु गरे उनले बताउँछन्। लगातार तीन वर्षसम्म उनले ट्रकमा ढुंगा लोड गर्ने कठिन काम गरेको सुनाए। बिहानदेखि साँझसम्मको कठोर श्रम, न्यून आम्दानी र भविष्यप्रतिको अन्योलताकाबीच पनि उनले आफ्नो सपना मर्न दिएनन्।

शारीरिक श्रमले थकित शरीर भए पनि मनभित्र केही ठूलो गर्ने अठोट सधैं जीवित थियो। उनले बुझिसकेका थिए-जीवन परिवर्तन गर्ने सबैभन्दा बलियो माध्यम शिक्षा हो। यही सौंचका साथ उनले श्रमबाट कमाएको रकम बचत गर्न थाले र भविष्यमा केही आफ्नै काम गर्ने योजना बनाए। धेरै संघर्षपछि उनले वि.सं. २०७१ सालमा एउटा इन्स्टिच्युट स्थापना गरे।



यो उनको जीवनको महत्वपूर्ण मोड थियो। इन्स्टिच्युट स्थापना गरेर उनले स्थानीय विद्यार्थीहरूलाई शैक्षिक अवसर प्रदान गर्न थाले। सुरुमा चुनौती कम थिएनन्। पर्याप्त स्रोतसाधन थिएन, विद्यार्थी संख्या पनि सीमित थियो, तर उनले भने धैर्यता गुमाएनन्। गुणस्तरीय शिक्षामा जोड दिँदै उनले संस्थालाई विस्तार गर्ने प्रयास जारी राखेको ३३ बर्षीय चौधरीको भनाइ छ।इन्स्टिच्युट सञ्चालनबाट प्राप्त अनुभवले उनलाई अझ आत्मविश्वासी बनायो। शिक्षा क्षेत्रमा अझ ठूलो योगदान दिन सकिने विश्वासका साथ उनले वि.सं. २०७७ सालमा सिद्धार्थ बालविकास केन्द्र स्थापना गरेका हुन्। बालबालिकाको प्रारम्भिक शिक्षालाई केन्द्रमा राखेर स्थापना गरिएको यस संस्थाले छोटो समयमै राम्रो पहिचान बनायो। अभिभावकहरूले पनि संस्थामाथि विश्वास गर्न थालेको बताए। बालबालिकालाई राम्रो वातावरणमा शिक्षा दिने उनको प्रयासले समाजमा सकारात्मक सन्देश फैलिएको स्थानीय हरि थारुले बताए। सुरेन्द्र चौधरी यतिमै रोकिएनन्। उनको सपना अझ ठूलो थियो। आफ्नो क्षेत्रमै गुणस्तरीय विद्यालय सञ्चालन गर्ने चाहनालाई उनले निरन्तर अघि बढाए। यही लक्ष्यअनुसार उनले वि.सं. २०८२ सालमा ब्राइट राइजिङ स्टार इंग्लिस बोर्डिङ स्कुल समेत स्थापना गरेका छन्।

उक्त विद्यालयलाई अन्य शैक्षिक संस्थासँग मर्ज गरी अझ व्यवस्थित रूपमा सञ्चालनमा ल्याइएको उनले जनाए। हाल विद्यालयमा कक्षा ८ सम्म अध्ययन-अध्यापन भइरहेको छ। विद्यालयले स्थानीय विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै अभिभावकहरूको विश्वास जितिरहेको उनले जिकिर गरे। सुरेन्द्र भन्छन्- "संघर्ष जीवनको पाठशाला हो। यदि कठिनाइसँग डराइयो भने सफलता सम्भव हुँदैन्।" उनको यही सौंचले उनलाई निरन्तर अगाडि बढाएको छ। ढुंगा बोक्ने मजदुरदेखि शिक्षा क्षेत्रमा सफल उद्यमी बन्ने उनको सफलताको यात्राले युवा पिँढीका लागि भने प्रेरणादायी छ।

पछिल्लो समय युवाहरू विदैशिक रोजगारीमा भौतारिरहेको बेला स्वादेशमै स्थानीय ८ जनालाई रोजगारी समेत प्रदान गरेका छन्। शैक्षिक जगतमा एक छुट्टै पहिचान बनाउँदै मनग्य आम्दानी गर्दै आएको चौधरीले बताए। उनी थारु संग्रहालय संरक्षण समिति सदस्य, स्थानीय विद्यालय व्यवस्थापन समितिलगायत विभिन्न संघसंस्थाहरूमा आबद्ध रहेर कार्य गर्दै आएका छन्।

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगित सुरु



गुल्मी (बुटवल टुडे), २९ बैशाख- जिल्ला खेलकुद विकास समिति गुल्मीको आयोजना तथा मुसिकोट नगरपालिकाको व्यवस्थापनमा १६औँ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ।

मुसिकोट नगरपालिका-६ भुवाचिदीस्थित ग्वादीकाचौर खेलमैदानमा सञ्चालन भएको प्रतियोगितामा जिल्लाका १२ वटै स्थानीय तहका विद्यालयहरूको सहभागिता रहेको छ। सदरमुकाम तम्घास बाहिर दोश्रो पटक सञ्चालन गरिएको उक्त प्रतियोगिता ग्रामिण क्षेत्रको लागि राम्रो अवसर भएकाले यसले खेल क्षेत्रको गतिविधिलाई थप चलायमान बनाउन सहयोग पुग्ने जिल्ला खेलकुद विकास समितिले जनाएको छ।

प्रतियोगितामा रनिङ शिल्ड अन्तर्गत मुख्य गरी भलिबल, कबड्डी, एथलेटिक्स, मार्सल आट्र्स लगायतका विभिन्न विधामा प्रतिस्पर्धा भइरहेको प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य महेश काउछाले जानकारी दिएका छन। प्रतियोगिताको उद्धघाटन कार्यक्रममा मुसिकोट नगरपालिकाका प्रमुख जीवलाल खरेल 'जीवन' ले खेलकुदको माध्यमबाट विद्यार्थीहरूलाई अनुशासित बनाउन सकिने बताएका छन्।

उनले सदरमुकाम बाहिर जिल्ला स्तरीय प्रतियोगिता सञ्चालन हुनु आफैमा खुसीको कुरा भएको भन्दै यसले स्थानीयस्तरमा रहेका लुकेका प्रतिभाहरूलाई राष्ट्रिय स्तरसम्म पुग्न ठूलो अवशर मिल्ने भन्दै राष्ट्रपति रनिङ शिल्डले विद्यालय तहबाट प्रतिभावान खेलाडी उत्पादन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताए।

प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य महेश काउछाले यस प्रतियोगिताबाट छनोट भएका उत्कृष्ट खेलाडीहरूलाई प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउन दाङ लैजाने बताए। उनले अनुसार प्रतियोगिताले विद्यालय तहमा खेल संस्कृतिको विकास, प्रतिभा पहिचान तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

प्रतियोगितामा बिजेता खेलाडी विद्यार्थीहरूलाई शिल्ड, पदक र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएका छन्। प्रतियोतिामा जिल्लाका १२ वटा स्थानीय तहका १२ सय भन्दा धेरै विद्यार्थीहरू सहभागि बनेको जिल्ला खेलकुद विकास समिति गुल्मीले जनाएको छ।

# कृषि तथ्यांकलाई व्यवस्थित र यथार्थपरक बनाइने

**शंकर केसी**
सल्यान, २९ वैशाख।



सल्यानमा खेतीयोग्य जमिन र विभिन्न बालीको वास्तविक क्षेत्रफल पहिचान गर्न कृषि तथ्यांकलाई व्यवस्थित बनाइने भएको छ। जिल्ला कृषि विकास कार्यालयले जिल्लाभरको कृषि तथ्यांक अद्यावधिक गर्दै थप व्यवस्थित गर्ने काम अघि बढाएको हो। जीआईएस प्रविधिसहित संकलन भइरहेको तथ्यांकलाई आगामी कृषि योजना, उत्पादन वृद्धि तथा बाँझो जमिन उपयोगको आधार बनाइने भएको छ।कृषि विकास कार्यालय सल्यानले सोमबार जिल्लाभित्र खेतीयोग्य जमिन तथा हाल खेती गरिएका बालीहरूको क्षेत्रफल सम्बन्धी कार्य प्रगतिबारे समीक्षा समेत गरेको छ। कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा हालसम्म संकलन गरिएको तथ्यांक, जीआईएस आधारित डाटा तथा पालिकागत विवरण प्रस्तुत गरिएको थियो। कार्यक्रममा कार्यालयका कृषि अधिकृत ईश्वरी नारायण घर्तीले जिल्लाभर खेतीयोग्य जमिनको पहिचान, बाली क्षेत्र विस्तार तथा उत्पादन अवस्थाको अध्ययन भइरहेको जानकारी दिए। जीआईएस प्रविधिबाट तयार गरिएको डाटा, पुराना गाउँ विकास समिति स्तरका तथ्यांक, जिल्ला समन्वय समिति तथा सरकारी निकायबाट प्रकाशित विवरण र स्थानीय तहबाट प्राप्त सूचनाका आधारमा तथ्यांक अद्यावधिक गरिएको उनले जनाए।

समीक्षामा जिल्लाका विभिन्न पालिकामा खेतीयोग्य जमिनको क्षेत्रफल तथा हाल खेती भइरहेको क्षेत्रको विवरण प्रस्तुत गरिएको थियो। कार्यालयका अनुसार धान, मकै, गहुँ, कोदो, तरकारी, फलफूल तथा सुन्तलाजात लगायतका प्रमुख बालीहरूको क्षेत्रफल अद्यावधिक गरिएको छ। त्यस्तै आलु, प्याज, अदुवा, बेसार, किबी, ओखर, स्याउ, आँप तथा लिचीजस्ता बालीहरूको समेत पालिकागत विवरण समावेश गरिएको जनाइएको छ।

कृषि विकास कार्यालयले बालीको सम्भाव्यता, उत्पादन क्षमता तथा स्थानीय आवश्यकता अनुसार खेती विस्तारको योजना बनाउन यो तथ्यांक उपयोगी हुने जनाएको छ। कार्यक्रममा सहभागी कर्मचारीहरूले पालिकाबाट प्राप्त तथ्यांकलाई थप यथार्थपरक र अद्यावधिक बनाउन आवश्यक सुझाव दिएका थिए।कार्यालयका अनुसार आगामी दिनमा जिल्लाको कृषि उत्पादन वृद्धि, बाँझो जमिन उपयोग तथा व्यावसायिक खेती प्रवर्द्धनका लागि यस्ता तथ्यांकले महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा गरिएको छ।

## महासंघमा निर्वाचित
# पदाधिकारीहरूलाई बुटवलमा सम्मान




बुटवल (बुटवल टुडे), २९ बैशाख - नेपाल उद्योग वाणिज्य महासंघमा लुम्बिनी प्रदेशबाट निर्वाचित भएका पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरूलाई बुटवलमा सम्मान गरिएको छ। बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीले यहि बैशाख २१ र २२ गते काठमाण्डौंमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको ६० औं साधारण सभा तथा निर्वाचनमा लुम्बिनी प्रदेशबाट निर्वाचित पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरूलाई सम्मान गरेको हो।

उनीहरूलाई बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, पूर्वअध्यक्षहरू जीवनप्रसाद वझा, ज्ञानेन्द्र कसजू, अर्जुनमान सैंजू, निर्मलप्रसाद लाकौल, नवराज श्रेष्ठ, सुरेन्द्रप्रसाद श्रेष्ठ, खिमबहादुर हमाल तथा कार्यसमितिका पदाधिकारीहरूले सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए।

नेपाल उद्योग वाणिज्य महासंघको आगामी ३ वर्षे कार्यकालको लागि जिल्ला/नगर तर्फबाट उपाध्यक्ष पदमा सिद्धार्थनगर भैरहवाका कृष्णप्रसाद शर्मा, लुम्बिनी प्रदेश अध्यक्षमा ठाकुरकुमार श्रेष्ठ सहित कार्यकारिणी समिति सदस्यमा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजू, परासीका केशवप्रसाद भण्डारी, पाल्पाका मोहनप्रसाद श्रेष्ठ, कोहलपुरका लक्ष्मणराज पौडेल, कपिलबस्तुका यज्ञप्रसाद भट्टराई, रोल्पाका बालकृष्ण सुवेदी जिल्लानगर तर्फबाट तथा सिद्धार्थ सिमेन्टका राजेशकुमार अग्रवाल, पञ्चकन्याका उज्ज्वलकुमार श्रेष्ठ, एसआर स्टिलका सुरज उप्रेती र सर्वोत्तम सिमेन्टका दिवश न्यौपाने एसोसियटतर्फबाट निर्वाचित भएका थिए।

कार्यक्रममा बोल्दै महासंघ उपाध्यक्ष कृष्णप्रसाद शर्माले उद्योगी व्यवसायीका समस्याको समाधानका लागि आफू सक्रिय रूपमा लाग्ने प्रतिबद्धता जनाए। कार्यकारिणी समिति सदस्यहरूलाई विषयगत जिम्मेवारी दिएर सम्बन्धित क्षेत्रका मुद्दा उठान गरिने उनले बताए। उद्योगी व्यवसायीका समस्या समाधानका लागि जहाँ जहाँ जानुपर्ने हो गएर पहल गरिने उनको भनाइ थियो। उनले अधिकतम खुद्रा मूल्य (एम.आर.पी.) प्रणाली आवश्यक भए पनि एकैपटक कार्यान्वयन गर्न कठिन हुने भन्दै उद्योग, आयात र खुद्रा क्षेत्रलाई क्रमिक रूपमा समेट्दै अघि बढ्न सरकारलाई सुझाव दिए। त्यस्तै लुम्बिनी प्रदेश अध्यक्षमा निर्वाचित ठाकुरकुमार श्रेष्ठले समग्र लुम्बिनी प्रदेशको औद्योगिक, व्यवसायिक तथा आर्थिक विकासका लागि महासंघले नेतृत्वदायी भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गरे। उनले महासंघको अभियानमा साथ र सहयोग गर्न जिल्ला नगर तथा उद्योगी व्यवसायीहरूलाई आग्रह गरे।

# ईक्यान रूपन्देही र पार्म होटलबीच सम्झौता



बुटवल (बुटवल टुडे), २९ बैशाख- नेपाल शैक्षिक परामर्श संघ (ईक्यान) रूपन्देही र होटल पार्म इन्टरनेसनल बुटवलबीच विशेष छुट सुविधा प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौताअनुसार ईक्यानसँग आबद्ध सदस्य, कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूले होटलका विभिन्न सेवा तथा सुविधामा विशेष छुट प्राप्त गर्नेछन्। सम्झौता कार्यक्रममा बोल्दै ईक्यान रूपन्देहीका अध्यक्ष गोविन्द वस्नेतले आगामी दिनमा पनि सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लैजाने बताए। उनले यस्ता सहकार्यले शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गरे।

होटल पार्म इन्टरनेसनल बुटवलका सञ्चालक सुरज खराललले दुवै पक्षबीच भएको सहमतिले शैक्षिक क्षेत्रसँग आबद्ध व्यक्तिहरूलाई सहज तथा गुणस्तरीय सेवा उपलब्ध गराउन सहयोग पुग्ने बताए। कार्यक्रममा ईक्यान रूपन्देहीका उपाध्यक्ष दिपेश अर्याल, सचिव उपेन्द्र यादव, कोषाध्यक्ष राम खरेल, कार्यसमिति सदस्यहरू किरण राना, राम खड्का, शिव पौडेल, जीडी सिखर धिताल, वाशु न्यौपाने, कमल भुषाल लगायतको उपस्थिति रहेको थियो। यस सहमतिसँगै ईक्यानका सदस्यहरूले होटलको सेवा उपयोग गर्दा विशेष सहुलियत प्राप्त गर्ने भएका छन्।

**ट्वाइलेट सफा गराउनु परेमा**
**सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।**
**गगन सेनेटरी**, बुटवल-८, सुख्खानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

**ट्वाईलेट सफा गराउनुहोस्**
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।
**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल-१० सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३




## सुचना ! सुचना ! सुचना !

### पारिजात सामुदायिक वन उपभोक्ता समुह

बर्दघाट -४ न.प (ब.सु.प) को दोस्रो पटक प्रकाशित सुचना मिति २०८३।०१।३०

### काठ/दाउरा बोलपत्र द्वारा लिलाम विक्रीको १५ दिने सुचना

यस पारीजात सामुदायिक वन उपभोक्ता समुह बर्दघाट न.पा.-४, नवलपरासी (व.सु.प.) को वनमा ढलापडा र पुनरुत्पादन कटानबाट उत्पादन भइ बर्दघाट न.पा.-४, नवलपरासी (व.सु.प.) को घाटगद्धिमा लट बनाई राखिएको विभिन्न ग्रेड को लट न १ को असना जातको गोलिया थान २३ को ४८२.९८ क्युफिट, कुसुम गोलिया थान ६७ को ४७२.३५ क्युफिट गरी जम्मा गोलिया थान ९० को ९५५.३३ क्युफिट काठ र लट नं २ को असना ३६ को ३३६.५० क्युफिट, कर्मा १५ को ७०.२६ क्युफिट, जामुन ६ को १०७.७७ क्युफिट र जिङ्गड १८ को ११८.८६ क्युफिट, वाँझि ८ को ७५.०१ क्युफिट र कुसुम ४९ को १२६.२२ क्युफिट लट नं २ को कुल जम्मा १३२ थान को ८३४.६२ क्युफिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नो खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशन गरिएको छ । काठ दाउरामा आधारीत उद्योग संञ्चालन गर्ने भनी प्रचलित कानुन वमोजिम दर्ता तथा (सुचिकृत) नविकरण भई वन नियमवाली २०७९ को नियम १२८ वमोजिम सुचिकृत उद्योग ले यो सुचना दोस्रो पटक सुचना प्रकाशित भएको मिति २०८३।०२।१३ गते कार्यलय समय भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गर्नुपर्ने छ र दाखिला मिति २०८३।०२।१४ गते दिउसो २:०० बजे कार्यलयमा आई दाखिला गरिसक्नु पर्ने छ । यो सुचना संग सम्बन्धित विस्तुत जानाकारी को लागी यस समुदायिक वन उपभोक्ता समुहको कार्यलयमा सर्म्पक राख्न सकिने छ । पुर्ण ब्यहोरा को सुचना यस सामुदायीक वन उपभोक्ता समुह कार्यलयको सुचना पाटिमा टाँस गरिएको ब्यहोरा अनुरोध छ ।

कमानसिंह थापा
अध्यक्ष

बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालयः बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोनः ०७१-५५४६४०, ५५४६४२, इमेलः newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्षः हरि प्रसाद पौडेल, प्रबन्ध संचालक / प्रवन्ध सम्पादक : नवराज कुँवर, सम्पादकः लक्ष्मण पौडेल, मुद्रणः पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.